नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

गमगढी,मुगु

## सुर्तीजन्य तथा मदिराको इजाजतपत्र दर्ता तथा नवीकरण गर्ने सम्बन्धी सूचना।
(आर्थिक वर्ष २०८३/०८४)

प्रकाशित मिति:२०८३/०४/०५

यस मुगु जिल्ला भित्रमा व्यवसाय संचालन गर्नु हुने व्यवसायीहरुले अन्त:शुल्क ऐन,२०५८ दफा ८ को उपदफा (१) तथा सोही ऐनको दफा ९ को उपदफा(५) बमोजिम सुर्तीजन्य पदार्थ तथा मदिराजन्य पदार्थहरुको उत्पादन,बिक्रि वितरण,भण्डारण वा सो सम्वन्धि व्यवसाय संचालन गरी जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट इजाजतपत्र लिइ व्यवसाय संचालन मै राख्नु भएको व्यवसायीहरुले आफ्नो इजाजतपत्र अनिवार्य रुपमा २०८३ साल श्रावण मसान्त भित्र नविकरण गरिसक्नु पर्ने तथा नयाँ व्यवसाय संचालन गर्न चाहने व्यवसायीहरुले पनि कानून बमोजिम इजाजतपत्र लिएर मात्र व्यवसाय संचालन गर्न सकिने व्यवस्था रहेको हुँदा सम्वन्धित सबै व्यवसायीहरुलाई देहाय बमोजिमको कागजात सहित तोकिएको समयभित्र यस कार्यालयमा उपस्थित भई निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु**

१. निवेदन
२. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३.स्थायी लेखा नम्बर(PAN) वा VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४.सम्बन्धित वडा कार्यालयबाट अन्तशुल्क कारोबारमा दर्ता सिफारिसपत्र
५.नागरिकताको प्रतिलिपि /राष्ट्रिय परिचयपत्र
६.सक्कल इजाजतपत्र(नविकरणको हकमा)
७.तोकिएको दस्तुर बुझाएको सक्कल रसिद
८.व्यवसायीको पासपोर्ट साइजको फोटो थान-४(नयाँ दर्ताको हकमा)

पुनश्च..निर्धारित समयभित्र नविकरण तथा दर्ता नगरेमा प्रचलित कानूनबमोजिम थप दस्तुर जरिवाना वा अन्य कारबाही हुने हुँदा समयमा नै इजाजतपत्र नविकरण तथा नया इजाजतपत्र दर्ता गर्नु हुन हार्दिक गर्दछौ ।

विवेक गिरी
कोष नियन्त्रक

विवेक गिरी
कोष नियन्त्रक